# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७७

## ढकारी गाउँपालिका

### अछाम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७

च.नं.३९

मितिः २०७७/३/२४

श्री अध्यक्षज्यू,
ढकारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, अछाम .

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

२०७६।३।२४

(चन्द्रकान्त भण्डारी)

नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते.

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं :

मितिः २०७७।३।२४

श्री अध्यक्ष ज्यू,
ढकारी गाउँपालिका,
अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.७३ लाख १७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख १० हजार नियमित गर्नुपर्ने रु.१५ लाख ३० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४६ लाख २५ हजार र रु.४ लाख १० हजार पेश्की बाँकी रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न ३५ दफाको रु.१ करोड ८८ लाख ४० हजार असुल फछ्र्यौट भई प्रमाण कागजात पेश हुन आएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनवाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चिस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले




Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# ढकारी गाउँपालिका,

## अछाम
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदूरपश्चिम प्रदेशमा अवस्थित यो गाउँपालिका अन्तर्गत वडा ८, २२७.८८ वर्ग कि.मी.क्षेत्रफल र २१५६२ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोष** : आर्थिक वर्ष २०७५।०७६ स्थानीय संचितकोषको आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ

| सि. नं. | आय तर्फ | | | सि. नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | शिर्षक | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २६७५९७६६.६१ | १ | **चालु खर्च** | | **२२७२५८४०७.६** |
| | क) नगद | ०.०० | | | वित्तीयसमानीकरण (संघिय सरकार) | ० | |
| | ख) बैंक | २६७५९७६६.६१ | | | राजश्वबाडफाड (संघिय सरकार) | ५७७१३४१८.६७ | |
| २ | **राजश्व ( आन्तरिक आय )** | | ६५७४०९२४.४० | | राजश्व वाडफाड(सुदुरपश्चिम प्रदेश) | १०७९९६१.०३ | |
| | क) आन्तरिक राजश्व | १२६८१४५ | | | शसर्तअनुदान ( संघिय सरकार) | ९१००४४७९ | |
| | ख) राजश्व बाँडफाड संघियसरकार | ५७७१३४१८.३७ | | | शसर्तअनुदान (प्रदेश सरकार) | ८५०००० | |
| | ग) राजश्व बाँडफाड प्रदेशसरकार | १०७९९६१.०३ | | | आन्तरिकश्रोत ( चालु) | १२६८१४५ | |
| | घ) अन्य आय | ५६७९४०० | | | सामाजिकसुरक्षा | ४९३८०००० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | १९०४५७५०० | | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४८४००० | |
| | क) वित्तीय समानीकरणअनु | ७६३००००० | | | प्रधानमन्त्रीरोजगार कार्यक्रम | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दान | | | | | | |
| | ख) सशर्त अनुदान संघिय सरकार | ११४१५७५०० | | | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ० | |
| | ग) समपुरक अनुदान | ०.०० | | | गत वर्षको अल्या र वेरजु आम्दानी | २४४७८४०३.९ | |
| | घ) विशेष अनुदान | ०.०० | | २ | **पुँजीगतखर्च** | | **११३२०५००१.५८** |
| 4 | **प्रदेश सरकारबाट प्राप्तअनुदान** | | ७५९०००० | | वित्तीयसमानीकरण (संघिय सरकार) | ७२७०४०३४.४१ | |
| | क) वित्तीय समानीकरणअनुदान | ६७४०००० | | | वित्तीयसमानीकरण (प्रदेश सरकार) | ६७४०००० | |
| | ख) सशर्त अनुदान प्रदेशसरकार | ८५०००० | | | राजश्वबाडफाड (संघिय सरकार) | ० | |
| | ग) समपुरक अनुदान | ०.०० | | | गत वर्षको अल्या वेरुजु आम्दानी | ७७९५९६७.१७ | |
| | घ) विशेष अनुदान | ० | | | विशेषअनुदान (सुदुरपश्चिम प्रदेश) | ० | |
| ५ | **अन्तरस्थानीय तहबाट प्राप्त** | | **०.००** | | सडक वोर्ड | १५००००० | |
| ६ | **वित्तीयव्यवस्था प्राप्ति** | | **०.००** | | सशर्तअनुदान ( संघिय सरकार) | १७४६५००० | |
| | क) ऋणप्राप्ति | | | | स्थानीयपूर्वाधार विकास साझेदारी कार्यक्रम | ७०००००० | |
| | ख)साँवा प्राप्ति | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ०.०० | ०.०० |
| | ग)व्याज प्राप्ति | | | | क) ऋण लगानी | | |
| | घ)अन्य प्राप्ति | | | | ख) व्याज भुक्तानी | | |
| ७ | **विभिन्नकोषतर्फको आय** | | **०.००** | | ग) अन्य भुक्तानी | | |
| ८ | **जनसहभागिता( नगद)** | | **०.००** | ४ | **लगानी** | ०.०० | ०.०० |
| ९ | **विषयगतनिकायबाट प्राप्त रकम** | | ६०४१६००० | | ऋण लगानी | | |
| | सामाजिकसुरक्षा | ५१९३२००० | | | शेयर लगानी | | |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४८४००० | | | अन्य लगानी | | |
| | प्रधानमन्त्रीरोजगार कार्यक्रम | ० | | ५ | **धरौटीफिर्ता** | ०.०० | ०.०० |
| | प्रदेशतथा | ० | | ६ | **कोष खर्च** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय तह क्षमता विकास कार्यक्रम | | | | | | |
| | स्थानीयपूर्वाधार विकास साझेदारी कार्यक्रम | ७०००००० | | ७ | **बाँकी/फिर्ता** | | |
| १० | **धरौटीआय** | | ० | | **क) निकासाबाँकी** | | |
| | गत आव को जम्मा | ० | | | **ख) निकासाफिर्ता** | ६०००००० | ६०००००० |
| | यसबर्षको जम्मा | ० | | ८ | **मौज्दात** | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | **क) नगदमौज्दात** | | |
| १२ | **साना सिचाइ ख छ** | १३०७३५० | १३०७३५० | | **ख) बैंकमौज्दात संचित कोष** | ७३०८१३१.८३ | ७३०८१३१.८३ |
| १३ | **सडक वोर्ड** | १५००००० | १५००००० | | **ख) बैंकमौज्दात धरौटी** | ० | ० |
| | **कुल जम्मा** | **३५३७७१५४१.०१** | **३५३७७१५४१.०१** | | **कुल जम्मा** | **३५३७७१५४१.०१** | **३५३७७१५४१.०१** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन :** | |
| १. | **बैंक मौज्दात** : यस बर्षको अन्तमा श्रेस्ता अनुसार मौज्दात रु.७३,०८,१३१।८३ देखिएकोमा बैंक स्टेटमेण्ट अनुसार रु.७०,३५,३३४।६१मौज्दात देखिएकोले रु.२७२७९७।२२ घटि देखियो । कार्यालयले बैंक हिसाव विवरण म.ले.प.फा.नं. १५ तयार गरेको देखिएन । तसर्थ बैंक हिसाब मिलान विवरण तयार गरी श्रेस्ताअनुसारको बाँकी मौज्दात र बैंक स्टेटमेण्टको बाँकी मौज्दात हिसाव मिलान गर्नुपर्दछ । श्रेस्तानुसारको बैंक मौज्दात भन्दा बैंक अनुसारको बैंक मौज्दात घटी हुनाको कारण छानबिन गर्नुपर्ने रु. | २७२७९७.२२ |
| २. | **प्रोदभावी लेखा :** गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| ३. | **विद्युतिय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वुंदा नं. ५.१० मा सबै स्थानियतहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । सबै स्थानियतहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Passwordप्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA)प्रयोगमा ल्याएको देखिएन । तसर्थ (SUTRA) प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नु पर्दछ । | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । | |

| | | |
|---|---|---|
| | गाउँपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाइ कार्यक्रम तयार गर्नुपर्दछ । | |
| ५. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन । | |
| ६. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाको प्रमुखबाट प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको पाइएन । अतः अख्तियारी दिई खर्च गर्नुपर्दछ । | |
| ७. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ८. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउँपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः गाउँसभामा पेश गर्नुपर्दछ । | |

९. **आकस्मिक कोष :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० बमोजिम गाउँपालीकाले स्थानिय कानुन बमोजिम आकस्मिक कोष स्थापना गरी संचालन गर्न सक्ने उल्लेख छ । गाउँपालीकाको बार्षिक निति तथा कार्यक्रम, संस्थागत विकास, सेवा प्रवाह अर्न्तगत आकस्मिक कोषमा रु. १ करोड व्यवस्था गर्ने गाउँसभाले बजेटमा पाारित गरेको छ । उक्त बजेट आकस्मिक कोष खडा गर्ने र आकस्मिक कार्य गर्नुपर्दा कोषबाट खर्च व्यहोर्नुपर्ने मा उक्त प्रयोजनमा व्यवस्था गरेको बजेट बाट निम्न बमोजिमका कार्यहरुमा पटके निर्णयको आधारमा बजेट खर्च गरेकोले गाउँसभा बाट पारीत कार्यक्रम उद्धेश्य भन्दा फरक किसिमले बजेट खर्च गरेको देखियो ।

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| २३/०७५/८/१२ | विभिन्न फर्निचर खरिद र ट्रस निर्माण | १३१८७०६ |
| २६/०७५/२/९ | रेडियो तितौडा अनुदान पेश्की | १०००००० |
| २७/०७५/९/६ | ढकारी स्वास्थ्य चौकीमा सकपिट निर्माण | १३३३०० |
| ३४/०७५/९/२२ | गल्वाल ढुङ्गाचाल्ना ग्रामीण सडक | ४९५००० |
| ३६/०७५/९/२२ | गाउँपालीका भवन निर्माण | ६६६६०० |
| ४६/०७५/११/१० | गाउँपालीका भवन निर्माण | ८०२००० |
| जम्मा | | ४४१५६०६ |

उपरोक्त अनुसार गाउँपालीकाले आकस्मिक कोष खडा गर्ने प्रयोजनको लागि व्यवस्था गरेको कोषको रकमलाई अवण्डा बजेटमा राखे सरह खर्च गरेको देखियो । यसरी कोष खडा गर्ने प्रयोजनको लागि बजेट व्यवस्था गरी कोष खडा नगरी अन्यत्र खर्च गर्नु बजेट खर्च सिद्धान्त विपरित देखिएको छ ।

१०. **कर तथा आन्तरिक स्रोत :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५४ बमोजिम गाउँपालिकाको वित्तिय अधिकार क्षेत्रमा कानून बमोजिम वाहेक गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ । सोही ऐनको दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्षआन्तरिक श्रोतको रुपमा रु.१२६८१४५ आन्तरिक आय गरेको देखिन्छ । उक्त आयमा कर दस्तुर समेत समावेश छ । ऐन वनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर समेत असूल गर्नु कानून सम्मत देखिएन । अतः कानून बनाई असुल गर्नुपर्दछ ।

११. **योजना वनाई कार्यान्वयन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानियस्तरको विकासका लागि

| | | |
|---|---|---|
| | आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । | |
| १२. | **स्थानिय राजस्व परामर्श समिति** : स्थानिय सरकार संचालन ऐनको दफा ६५ बमोजिम गाउँपालिकामा राजस्व सम्वन्धी परामर्शको लागि स्थानिय राजस्व परामर्श समिति रहने व्यवस्था अन्तर्गत राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । सोही ऐनको दफा ६५(२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकेको देखियो । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगमी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्वन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ । | |
| १३. | **स्रोत अनुमान र बजेट निर्धारण समिती** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा श्रोत अनुमान र वजेट निर्धारण समिति गठनको प्रावधान बमोजिम समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । त्यस्तै ऐनको दफा ६६(३) मा श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भएतापनि समिति गठन पश्चात ति समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १४. | **नक्सा पास :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष नक्सा पास गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउने तर्फ पहल गरिनु पर्दछ । | |
| १५. | **ऐन, नियम, कार्यविधि निर्माण** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाउन सक्ने व्यवस्था छ । गाउँपालिकाबाट विभिन्न विषयका ऐन, नियम, कार्यविधि वनाई मस्यौदामा छलफल गरेको | |

| | | |
|---|---|---|
| | भएतापनि पारीत भएको तथा राजपत्रमा प्रकाशन गरेको स्थिति छैन । तसर्थ समयमा नै ऐन, कानून, नियम र कार्यविधि बनाइ लागू गर्नुपर्दछ । | |
| १६. | **चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन । | |
| १७. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १८. | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण राखेको छैन । वक्यौताको लगत नराखेबाट वक्यौता भए नभएको एकिन नहुनने हुनाले वक्यौता भए नभएको खुलासा गरेको देखिएन ।वक्यौता हिसाव राखि अद्यावधिक गर्नु पर्दछ । | |
| १९. | **आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने र उपदफा ३ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालकाको अध्यक्षले गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख रहेकोमा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरेको देखिएन । तसर्ग देहाय बमोजिमको व्यवस्था द्धारा आन्तरिक नियन्त्रण एवं परिपालना गरिनुपर्दछ ।<br><br>• पुराना मालसमानको मूल्य नखुलेको,<br>• जिन्सी मालसमानको लिलाम/मर्मत नभएको,<br>• पेश्की समयमा फछ्र्यौट नगरेको,<br>• उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको | |

लागि कार्यक्रम व्यवस्थित नगरेको

- वार्षिक खरिद योजना तयार नभएको,
- सवारी साधनको लगबुक रीतपूर्वक नराखेको,

कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

**कार्यक्रमगत योजना संचालनबाट देखिएका व्यहोरा देहायबमोजिम छन् :**

२०. **उपभोक्ता समितिद्धारा सिँचाई पोखरी निर्माण :** सार्वजनिक खरिद नियमावलीको नियम ९७ वमोजिम उपभोक्ता समितिद्धारा गराईने निर्माण कार्यमा लागत अनुमानको निश्चित प्रतिशत लागत सहभागिता उपभोक्ताले व्यहोर्ने गरि सम्झौता हुने गर्दछ । निम्न वमोजिमका सिँचाई पोखरीहरु निर्माण गर्नको लागि लागत अनुमान तयार गरि लागत सहभागिता गरेको देखियो ।

| सिँचाई पोखरीको नाम | लागत अनुमान | लागत सहभागिता | | | |
|---|---|---|---|---|---|
| | | गाउँपालीका | प्रतिशत | उपभोक्ता समिति | प्रतिशत |
| वासरुख सिँचाई पोखरी | २०९८१४ | १९२००० | ९१.५० | १७८१४ | ८.५० |
| गिट्ठागडा धमलारोल सिँचाई पोखरी | १५८८४९ | १४४००० | ९०.६५ | १४८४९ | ९.३५ |
| मन्तोला मुहान कोल हाल्ने पोखरी | २१२२०९ | १९२००० | ९०.४८ | २०२०९ | ९.५२ |
| सालडाँडा मेलपानी सिँचाई पोखरी | ३२२६५२ | २८८००० | ८९.२६ | ३४६५२ | १०.७४ |
| पाडा सिँचाई पोखरी | २१७३५२ | १९२००० | ८८.३४ | २५३५९ | ११.६६ |
| खेतगैरा सिँचाई कुलो | ३४१६७८ | ३००००० | ८७.८० | ४१६७८ | १२.१९ |
| पैयासन सिँचाई पोखरी | १६४५२१ | १४४००० | ८७.५२ | २०५११ | १२.४७ |
| भालुखोला सिँचाई पोखरी | १२६४३४ | ९६००० | ७५.९२ | ३०४३४ | २४.०८ |
| जम्मा | १७,५३,५०९ | १५,४८,००० | | २,०५,५०६ | |

उपरोक्त अनुसार सिंचाइ पोखरी निर्माणमा ८ .५ प्रतिशत देखि २४.८ प्रतिशत सम्म लागत अनुमानमा उपभोक्ता समितिको योगदानको प्रतिशत रहने गरेको देखियो । एउटै कार्यमा फरक फरक उपभोक्ता समितिलाई फरक फरक प्रतिशत लागत व्यहोर्ने गरी सम्झौता गर्नु

<table>
<tr><td></td><td>उपयुक्त होइन ।</td><td></td></tr>
<tr><td>२१.</td><td>वडास्तरीय योजना : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम गाउँपालीकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक तथा छिटो प्रतिफल दिने, रोजगारी बढ्ने, दिगो विकासमा सहयोग पुऱ्याउने जस्ता योजनामा प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्दछ । त्यस्तै वडागत रुपमा योजना छनौट गर्दा हरेक वडाको प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्दछ । निम्नानुसार वडागत रुपमा योजना छुट्याई वजेट व्यवस्थापन गर्दा हरेक वडामा रु.५० लाख देखि ६० लाख सम्म बजेट व्यवस्था गरी साना योजना छनौट/कार्यान्वयन गरेको देखियो । साना साना योजना छनौट, कार्यान्वयन गर्दा अनुगमन गर्न जनशक्ति तथा रकम कम हुने, साना योजनाको कन्टीन्जेन्सी खर्चले अनुगमन नहुने, गुणस्तर कायम गर्न पर्याप्त सुपरभिजननहुने हुनाले योजना छनौट दामासाही रकमले भन्दा वडागत रुपमा प्राथमिकीकरण गरी कार्यान्वयन गरिनु पर्दछ ।
<table>
<tr><th>वडास्तरीय योजना</th><th>योजना संङ्ख्या</th><th>रकम</th></tr>
<tr><td>वडा नं. १</td><td>३४ योजना</td><td>६५,००,०००</td></tr>
<tr><td>वडा नं. २</td><td>२५ योजना</td><td>५५,००,०००</td></tr>
<tr><td>वडा नं. ३</td><td>३८ योजना</td><td>५५,००,०००</td></tr>
<tr><td>वडा नं. ४</td><td>२१ योजना</td><td>५०,००,०००</td></tr>
<tr><td>वडा नं. ५</td><td>१० योजना</td><td>५५,००,०००</td></tr>
<tr><td>वडा नं. ६</td><td>२२ योजना</td><td>५०,००,०००</td></tr>
<tr><td>वडा नं. ७</td><td>२३ योजना</td><td>५०,००,०००</td></tr>
<tr><td>वडा नं. ८</td><td>२६ योजना</td><td>५०,००,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.</td><td>लक्ष्य प्रगतिको स्थिति : चौमासिक प्रगती विवरण पेश गरी समिक्षा गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको प्रगती विवरण तयार नगरेकाले प्रगति समिक्षा भएको देखिएन ।</td><td></td></tr>
<tr><td>२३.</td><td>डोजरको बिल : १४-२०७५।६।२८, चिउटेखाली रुज ग्रामिण सडक निर्माण उपभोक्ता समितिलाई रु.३८४०००।- भुक्तानी गरेकोमा लागत अनुमान रु.४,०८,२२९।- भएको देखिन्छ । उपभोक्ता समिती सँग भएको सम्झौताको बुँदा नं. १४ मा अन्तिम भुक्तानीका लागि प्रमाणित विल भरपाई, कार्य सम्पन्न प्रतिवेदन, सम्बन्धित उपभोक्ता समितीले आयोजना संचालन खर्चको आय व्ययको अनुमोदन, आयोजनाको फोटो आदि पेश गर्नुपर्ने र सामाजिक परीक्षण गराएको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितीले डोजर प्रयोग</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | गरेकोमा डोजरको विल पेश गरेको छैन । तसर्थ डोजरको प्रयोग भएकोमा डोजरको विल लिइनु पर्दछ । | |
| २४. | **रु. ६० लाख भन्दा बढीको लागत अनुमान** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ३(क१) बमोजिम रु. ६० लाख भन्दा बढिको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति बाट गराउँदा प्रत्येक कार्य इकाईमा उपभोक्ताले व्यहोर्नुपर्ने योगदान खुलाउनु पर्दछ । स्याउलेखाँद ढकारी खण्डमा माटो तथा चट्टान काट्ने कार्यको लागि रु.९६,४७,०३८।६६ को लागत अनुमान भै उपभोक्ता समितिले रु.५२७०३८।०० र गाउँपालीकाले रु.९१२००००।०० व्यहोर्ने गरी सम्झौता गरेको देखियो । खरिद नियमावली को नियम ९७ को उपनियम ३ (क १) वमोजिम प्रत्येक कार्य इकाईमा उपभोक्ताको योगदान खुलाई सम्झौता गरेको देखिएन । तसर्थ नियमावलीले तोकेबमोजिम उपभोक्ता समितीसँग सम्झौता गराउनु पर्दछ । | |
| २५. | **सामाजिक परक्षिण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट गराइने निर्माण कार्य सम्पन्न पश्चात लागत अनुमान, सम्पन्न रकम, निर्मित संरचनाको फोटो, बिल भरपाईको सार्वजनिकीकरण गरी सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । त्यस्तै उपभोक्ता समितिले हरेक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्ने समेत नियम ९७(७) मा उल्लेख गरेको छ । कार्यालयले उपभोक्ता समितिसंग भए गरेका कार्यको सामाजिक परीक्षण केही मात्रको गरेको कार्यालयले उपभोक्ता समितिसंग भए गरेकोले सबै योजनाको सामाजिक परीक्षण गराई अभिलेख समेत राख्नुपर्ने देखिएको छ । | |
| २६. | **सहकारीलाई अनुदान** :४५- २०७५।११।१० स्वीकृत बार्षिक नीति तथा कार्यक्रम, आर्थिक विकास कार्यक्रम अर्न्तगत लालिगुँरास महिला सहकारी भवन निर्माणको लागि रु.५,००,०००।- खर्च लेखेको छ । गाउँपालीका अर्न्तगतको विभिन्न सहकारी मध्ये छनोटको आधार निर्धारण गरि मापदण्डको आधारमा संस्था छनोट गर्नुपर्नेमा सो आधार बेगर रु.२९५,०००।- अनुदान खर्च लेखेको र अनुदानको रकम प्रयोगको अनुगमन गरी रकम सदुपयोग को सुनिश्चितता गर्नुपर्दछ । . | |
| २७. | **जनसहभागीताको अंश** : उपभोक्ता समितीद्धारा गराईने कार्यमा उपभोक्ताको अंश लागत अनुमान मा खुलाउनु पर्दछ । समान प्रकृतिको काममा सबै उपभोक्ता समितीलाई समानमा लागत सहभागीता गराउनु पर्दछ । निम्नानुसारका कार्यक्रममा लागत सहभागीता देहाय बमोजिम रहेको छ । | |

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | लागत अनुमान | योगदान | |
|---|---|---|---|---|
| | | | गाउँपालीका | उपभोक्ता |
| १६-२०७५/६/२८ | चोउरेखोला-राक्सीखाँद वलाता ग्रामीण सडक उपभोक्ता समिति | ४००००० | ५१५० | (१.२०%) |
| १८-२०७५/६/२८ | वलाता भराम रोड उपभोक्ता समिती | ४००००० | ०.०० | (०.०%) |

उपरोक्त अनुसार ज्यादै न्यून जनसहभागिता हुने काम उपभोक्ता समितिबाट गराउनेको औचित्य नहुने हुनाले प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ ।

२८. **मैथुम खानेपानी योजनाको लागि एच.डि.पी तथा पाइप फिटिङ्ग :**उक्त खानेपानी योजनाको लागि एच.डि.पी पाईप, जि..आई पाईप तथा फिटिङ्ग सामाग्रि खरिद गर्न रु.३९,०१,००४।७९ को लागत अनुमान भै हरिगंगा निर्माण सेवा, अछाम सँग सम्झौता गरी रु.३८,८२,८१४।५० भुक्तानी गरेको देखियो । पाईप तथा फिटिङ्गसका सामानहरु उपभोक्ता समितिलाई हस्तान्तरण एवं बुझाएको देखिएन । कुन कुन योजनाकोलागि पाइप तथा फिटिङ्गसका सामानहरु प्राप्त गरेको हो । योजनागत अभिलेख नराखी वास्तविक नापीको आधारमा खर्च देखाई पाइप तथा फिटिङ्गसको मौज्दात दुरुस्त गर्नुपर्दछ । उपभोक्ता समितिमार्फत गरिने निर्माण/मर्मत कार्यमा पाइप फिटिङ्गसका सामान उपलब्ध गराउदा हस्तान्तरण गरि सो को प्रमाण राख्नुपर्दछ । कार्यालयले पाइप तथा  फिटिङ्गसको सामान खरिद गरेकोमा कार्यालयको जिन्सी खातामा समेत अभिलेख राख्नुपर्दछ ।  कार्यालयले योजनागत पाइप अभिलेख दुरुस्त गरी राखेको देखिएन ।

